# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, चैत १६ गते, २०७६ साल (अतिरिक्ताङ्क ४१

## भाग ३

प्रदेश सरकार

बागमती प्रदेश, हेटौंडा

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

**कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार सहयोग कार्यविधि, २०७६**

**प्रस्तावनाः** बागमती प्रदेशमा कोरोना भाइरस (COVID-19) को प्रकोप नियन्त्रणका लागि तयारी, रोगको पहिचान तथा नियन्त्रण एवं कोरोना भाइरस प्रभावितहरूको प्रभावकारी उपचारको प्रबन्ध आवश्यक भएकोले भाइरस संक्रमण रोकथाम, पहिचान, उपचार लगायत कार्यमा संलग्न निकाय, संस्थालाई सहयोग प्रदान गर्न प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार सहयोग कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले ऐनको दफा १० वमोजिमको कोष सम्झनु पर्छ।

(ग) "कार्यकारी समिति" भन्नाले ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

(घ) "कोष सञ्चालन समिति" भन्नाले ऐनको दफा १३ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ।

(ङ) "खाता" भन्नाले बागमती प्रदेश कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष खाता सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले ऐनको दफा ३ बमोजिमको प्रदेश विपद् व्यवस्थापन निर्देशक समिति सम्झनु पर्छ।

(ज) "स्वास्थ्य संस्था "भन्नाले स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता वा नवीकरण भई स्थापना भएको यस प्रदेश भित्रको निजी तथा सार्वजनिक स्वास्थ्य संस्था सम्झनु पर्छ।

३. **कोष खाताको प्रयोगः** (१) कोष खातामा रहेको रकम ऐनको दफा १० बमोजिमको कोषको रकम मानिनेछ।

(२) खातामा जम्मा भएको रकम देहायको कार्यको लागि सामाजिक विकास मन्त्रालय, उक्त मन्त्रालय मातहतका स्वास्थ्य संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएका निजी, सामुदायिक वा गैर नाफामूलक स्वास्थ्य संस्था, जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिको लागि खर्च गरिनेछः-

(क) कोरोना भाइरस (COVID-19) को रोकथाम तथा उपचारका लागि आवश्यक आइसोलेशन

अस्पताल, क्वारेन्टाइन स्थापना र सञ्चालनमा लाग्ने खर्चहरूको शीघ्र व्यवस्थापन गर्न,

(ख) कोरोना भाइरस (COVID-19) बाट मानवीय क्षति नियन्त्रण गर्न र सो प्रकोपको कारण बाट प्रभावित व्यक्तिको सहज परीक्षण तथा उपचारको व्यवस्था गर्न,

(ग) कोरोना भाइरस (COVID-19) को रोकथाम तथा उपचारमा आवश्यक पर्ने मेडिकल सामग्री, औषधि, उपकरणका लागि लाग्ने खर्चहरूको प्रबन्ध गर्न,

(घ) कोरोना भाइरस (COVID-19) को नियन्त्रण तथा उपचार गर्न प्रदेश सरकारबाट निर्णय भए बमोजिमका अन्य खर्च गर्न।

४. **कोष खाताको रकम प्रयोग हुन नसक्ने**: ऐनको दफा १२ मा उल्लिखित प्रयोजनका लागि कोष खाताको रकम खर्च गर्न सकिने छैन।

५. **कोष खाताको रकम खर्च गर्ने कार्यविधि**: (१) दफा ३ बमोजिमको प्रयोजनको लागि सहयोग रकम प्रदान गर्दा सम्बन्धित क्षेत्रमा कोरोना भाइरस (COVID-19) को सघनता, रोकथाम तथा उपचारको लागि लाग्ने खर्चको आवश्यकता, खातामा उपलब्ध भएको रकम र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी समितिले निर्धारण गरे बमोजिम सामाजिक विकास मन्त्रालय,

जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम सामाजिक विकास मन्त्रलायको लागि निर्धारण भएको सहयोग रकम उक्त मन्त्रालयले आफ्नो मातहतका स्वास्थ्य संस्थाले माग गरेको रकमलाई कोरोना भाइरस (COVID-19) को सघनता, रोकथाम तथा उपचारको लागि लाग्ने खर्चको आवश्यकता र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी रकम निकासा गर्नेछ।

(३) उपदफा (२) मा उल्लेख भए बाहेकको स्वास्थ्य संस्थालाई रकम उपलब्ध गराउनु पर्ने अवस्थामा सामाजिक विकास मन्त्रलायको समिति समक्ष पेश गर्नु पर्नेछ।

(४) कोष खाताको रकम निकासा भए बमोजिम खर्च भएको रकमको प्रचलित कानून बमोजिम लेखा राख्ने र लेखा परीक्षण गराउने दायित्व सम्बन्धित खर्च गर्ने निकायको हुनेछ।

६. **क्वारेनटाइन सम्बन्धी मापदण्ड**: दफा ३ बमोजिम कोष खाताबाट क्वारेनटाइनको लागि सहयोग रकम उपलब्ध गराउँदा पूरा गर्नु पर्ने मापदण्ड नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

७. **कोष खाता सञ्चालनको प्रशासनिक खर्च**: कोष खाता सञ्चालन गर्दा आवश्यक पर्ने सचिवालयको लागि आवश्यक पर्ने प्रशासनिक तथा अन्य भैपरी खर्च सम्बन्धित मन्त्रालयको नियमित बजेटबाट खर्च गरिनेछ।

८. **<u>कोष खाताको सञ्चालन</u>**: कोष खाताको सञ्चालन ऐनको दफा १४ बमोजिम हुनेछ।

९. **<u>लेखा तथा लेखापरीक्षण</u>**: (१) यस कार्यविधि बमोजिमको प्रयोजनका लागि कोष खातामा प्राप्त हुने आम्दानी तथा खर्चको लेखा प्रचलित कानून बमोजिम छुट्टै राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

१०. **<u>सम्पर्क सचिवालय सम्बन्धी व्यवस्था</u>**: (१) यस कार्यविधि बमोजिम जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिको लागि कार्य सञ्चालन गर्ने प्रयोजनको लागि सम्पर्क सचिवालय आन्तरिक मामिला तथा कानून मन्त्रलाय हुनेछ।

(२) उपदफा (१) बाहेकको हकमा सम्पर्क मन्त्रालय सामाजिक विकास मन्त्रालयमा हुनेछ।

११. **<u>निर्देशन दिन सक्ने</u>**: समितिले यस कार्यविधिको कार्यान्वयनका सम्बन्धमा कार्यकारी समिति तथा कोष सञ्चालक समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

१२. **<u>खरिद सम्बन्धी व्यवस्था</u>**: यस कार्यविधि बमोजिमको प्रयोजनका लागि सहयोग रकम प्राप्त गर्ने निकायले उपचारको लागि आवश्यक पर्ने सामान खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नु पर्नेछ।

१३. **<u>यसै कार्यविधि बमोजिम हुने</u>**: यस कार्यविधिमा लेखिएको कुरामा यसै कार्यविधि बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

१४. **<u>बाधा अड्काउ फुकाउन सक्ने</u>**: यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै दुविधा वा बाधा उत्पन्न भएमा ऐनको उद्देश्य विपरित नहुने गरी समितिले निर्णय गरी आवश्यक बाधा अड्काउन फुकाई कार्यान्वयनका लागि निर्देशन दिन सक्नेछ।

१५. **<u>कार्यविधिको खारेजी</u>**: (१) यस कार्यविधिको उद्देश्य बमोजिमको कार्य समाप्त भएको भनी कार्यकारी समितिको सिफारिसमा समितिले यो कार्यविधि खारेज गर्ने निर्णय गरेमा स्वतः खारेज भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम कार्यविधि खारेज भए पछि कोष खातामा रहेको बाँकी रकम प्रदेश विपद् व्यवस्थापन कोषमा जम्मा गर्नु पर्नेछ।

(३) यस कार्यविधि बमोजिम भए गरेको खर्चको विवरण कार्यविधि खारेज भएको मितिले बढीमा पन्ध्र दिन भित्र सम्बन्धित निकायले सार्वजनिक गर्नु पर्नेछ।

**मन्त्रिपरिषद्बाट स्वीकृत मितिः २०७६।१२।१६**

**आज्ञाले,**
**विनोद प्रकाश सिंह**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-